हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५, ९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : २१ पृष्ठ : ४ २०७७ साउन २१ गते बुधबार (Wednesday 5 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost




**अवैध घरेलु मदिरा नष्ट गर्दै प्रहरी। मंगलबार सिरहा प्रहरीले विभिन्न ठाउँबाट ११० लिटर तयारी र १०७० लिटर मदिरा बनाउने कच्चा पदार्थ बरामद गरी नष्ट गरेका छन्। भठीबाट २६ थान मदिरा बनाउने भाडाबर्तन पनि नियन्त्रणमा लिएका छन्।**

## दुर्घटनामा देबिन्द्र यादवको मृत्यु

लहान। पूर्व-पश्चिम राजमार्ग अन्तर्गत कर्जन्हा नगरपालिका ४ स्थित भएको सवारी दुर्घटनामा परी मिर्चैया नगरपालिका ३ का २१ वर्षीय देबिन्द्र यादवको मृत्यु भएको छ। स१त ७४०२ नम्बर ट्याक्टर पश्चिमबाट आएको र पूर्वबाट जाँदै गरेको स४प ७२१० नम्बरको मोटरसाइकल एकआपसमा ठोकिएको प्रहरीले जनाएको छ।

त्यस दुर्घटनामा मोटरसाइकल चालक मृत्यक यादव र मोटरसाइकल पछाडी बस्ने धनुषाधामका २३ वर्षीय बालकृष्ण यादव घाइते भएका थिए। उनीहरुलाई तत्कालै उपचारका लागि फुलकुमारी मेमोरियल अस्पतालमा लैजाने क्रममा यादवको मृत्यु भएको प्रहरीले जनाएको छ।

मोटरसाइकलको पछाडी बस्ने बालकृष्णको टाउकोमा चोट लागेको छ। दुवै सवारी साधन प्रहरीले नियन्त्रणमा लिएका छन्। दुर्घटनापछि फरार भएका ट्याक्टरको चालकको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

## लागुऔषधसहित दुई पक्राउ



लहान। इलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरी टोलीले लहान नगरपालिका २० बाट दुई जनालाई लागुऔषधसहित पक्राउ गरेका छन्। पक्राउ पर्नेमा लहान नगरपालिका २ का २८ वर्षीय मोहम्मद युनुस र सोही ठाउँका २५ वर्षीय सन्तोष राम रहेको प्रहरीले जनाएको छ। उनीहरुको साथबाट डाइलेक्स डिसी २९ बोतल, डाइजिल्याब १६ एम्पुल, फेनारगन १८ एम्पुल र नाम मेटिएको १७ एम्पुल लागुऔषध प्रहरीले चेकजाँचको क्रममा फेला पारेको छ।

पक्राउ परेका युनुस र राम साइकलमा सवार थिए। प्रहरीले चेकजाँच गरेपछि लागुऔषधसहित पक्राउ परेको इलाका प्रहरी कार्यालय लहानका डिएसपी शरत कुमार थापाले जनाएको छ।

## सचेत हुन उद्योग वाणिज्य संघको आग्रह



लहान। मंगलबार जिल्ला उद्योग वाणिज्य संघ लहान सिरहाले लहान बजारमा मास्क वितरण गर्दै कोरोना भाइरस (कोभिड-१९)को संक्रमणबाट जोगिन आग्रह गरेका छन्।

व्यावसायीहरुलाई संक्रमणबाट जोगिन भौतिक दुरी पालना गर्नुपर्ने, अनिवार्य मास्क प्रयोग गर्नुपर्ने, सेनिटाइजर प्रयोग गर्नुपर्ने भन्दै आग्रह गरिएको उद्योग वाणिज्य संघका महासचिव अब्दुल करिमले जानकारी दिए।

## यातायात कार्यालयले चालक अनुमतिपत्र वितरणको काम रोक्यो

काठमाडौं। काठमाडौं उपत्यकाका चारवटै यातायात व्यवस्था कार्यालयले आइतबारदेखि चालक अनुमतिपत्र वितरण कार्य रोकेका छन्। सेवाग्राहीको अत्यधिक भीडका कारण कार्यालयले तत्कालका लागि सेवा स्थगित गरेको जनाएका हुन्।

कोभिड-१९ को जोखिम न्यूनीकरणका लागि सरकारले सामाजिक दूरी कायम गर्न भने पनि सेवाग्राहीको अत्यधिक भीडका कारण त्यो कायम हुन सकेको थिएन। कार्यालयले असारदेखि सेवा दिँदै आएकामा कार्यालयमा सेवाग्राहीको घुइँचो हुने गरेको थियो। कार्यालयमा अत्यधिक भीडका कारण खटिएका चार सुरक्षाकर्मीलाई पनि भीड नियन्त्रण गर्न गारो भएको एकान्तकुनास्थित कार्यालयका प्रमुख डम्मरबहादुर कार्कीले बताए।

उनका अनुसार काठमाडौं उपत्यकामा सङ्क्रमण बढिरहेकाले यहाँसँगै जगाती, सुकेधारा र ठूलोभऱ्याङ गरी चारै कार्यालयले अहिलेको अवस्थामा सेवा बन्द गरेका छन्। उनले भने, ‘उपत्यकामा कोभिड कम नभएसम्म तत्काल सञ्चालन गर्ने अवस्था छैन। कार्यालयले नयाँ चालक अनुमतिपत्रका लागि परीक्षा लिने, अनुमतिपत्र वितरण र नवीकरण गर्दै आएको थियो। त्यसमध्ये कार्यालयले बन्दाबन्दीपछि नयाँ चालक अनुमतिपत्रका लागि परीक्षा लिएको छैन।

अनुमतिपत्र नवीकरण भइरहे पनि वितरणको काम पनि तत्कालका लागि रोकिएको हो। चालकले यसअघि जसरी नै अझै केही समयका लागि कार्यालयले दिएको राजश्व तिरेको कागजबाटै सवारी साधन चलाउनुपर्ने उनको भनाइ छ।

नवीकरणका लागि पनि आउने सेवाग्राहीको भीड नहोस् भनी टोकन प्रणाली लागू गरिएको छ। कुपन लिएका दैनिक २५० सेवाग्राहीको नवीकरण भइरहेको छ। उनले भने,"सामान्य अवस्थामा ५०० को नवीकरण भएकामा अहिले त्यसको आधा गरिएको हो।

**लहान नगरीको वर्तमान शैक्षिक अवस्था**

**स्तम्भ : पालिका बहस पेज नं. ४**

**हार्दिक शुभकामना**



सिरहाको लहानबाट "**लहान पोस्ट**" राष्ट्रिय दैनिक पत्रिका र ‘www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु।

**सुनिल महतो**
लहान नगर सभापति
नेपाली काँग्रेस

**हार्दिक शुभकामना**



सिरहाको लहानबाट "**लहान पोस्ट**" राष्ट्रिय दैनिक पत्रिका र ‘www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु।

**शैलेन्द्र यादव**
महाधिवेशन प्रतिनिधि, जिल्ला सदस्य तथा प्रदेश सभा सदस्य प्रत्यासी
नेपाली काँग्रेस

# सम्पादकीय

## बालविवाह मुक्त समाज निर्माण गरौँ

विवाहलाई एउटा सम्झौताका रुपमा लिइन्छ । कानुनी रुपमा उमेर पुगेका एउटी स्त्री र एउटा पुरुषलेसूगै जीवनयापनका निम्ति आपसी सम्झौता गरेका हुन् भन्ने अर्थमा विवाहलाई हेरिन्छ । अहिले केही व्यक्तिलाई तोकिएअनुसार साक्षी राखेर दर्ता विवाह, अदालती विवाह गर्न सकिने कानुनी व्यवस्था पनि छ । मनुस्मृतिले विवाहलाई दुई आत्माबीचको पवित्र मिलन भनेको छ । स्कन्धपुराणको केदारखण्डको श्रीस्वस्थानीले पनि यही विचारलाई समर्थन गरेको छ । हाम्रो समाजमा विभिन्न जातजाति, धर्म र सम्प्रदायअनुसार विवाह कर्ममा केही फरकफरक संस्कारहरु पाइन्छन् तर सामान्यतया हिन्दूधर्म अन्तर्गत विवाह प्रचलन फरक फरक पाइन्छ ।

समाजलाई अराजक हुनबाट जोगाउन निश्चित पुरुष र स्त्रीका लागि निश्चित पुरुष र स्त्री तोक्नुपर्ने आवश्यकता पऱ्यो । यसरी तोक्ने कार्य नै पछि गएर एउटा संस्कारमा परिणत भयो र त्यसैलाई नै 'विवाह' भनियो । यसरी विकसित बन्न पुगेको विवाह संस्कारले निजी लोग्ने र निजी स्वास्नीको अवधारणा ल्यायो र समाजलाई विकृत हुनबाट जोगायो । सिद्धान्तत : विवाह यही रुपमा विकसित भयो । विवाहको प्रकृति यही हो, जसले यौनका अत्यावश्यकतालाई स्वीकारेको पाइन्छ । यसलाई व्यवस्थित गर्नका लागि भने अनेक प्रचलन र परम्पराहरु विकसित बन्न पुगे । यस्ता परम्पराहरु जाति, धर्म, क्षेत्र, स्थानअनुसार पनि फरकफरक ढंगले विकसित बन्न पुगेका छन् ।

धर्मशास्त्रले सामान्यतया धर्म प्राप्ति, पुत्र प्राप्ति र रतिसुखलाई विवाहको उद्धेश्य बनाएको पाइन्छ । जीवनमा रतिसुख अति आवश्यक कुरा हुदा त्यसलाई विधिवत गर्न विवाह आवश्यक परेको हो भने सन्तान प्राप्ति विवाहको अर्को महत्वपूर्ण उद्धेश्य हो । कसैले विवाह नगर्ने र सन्तानोत्पादन नगर्ने हो भने यो संसार क्रमश : मानवरहित बन्न जाला भनेर सन्तान प्राप्तिलाई धार्मिक उपलब्धि मानिएको हो । यिनै उद्धेश्य परिपूर्तिका परम्परा फरकफरक रुपमा विकसित भए । समाजमा केटी माग्न जाने चलन चल्यो ।

विवाह अपरिहार्यता हो । विवाह केटाकेटी बीचको वैधानिक सम्झौता हो । विवाहले केटाकेटी बीचको सम्बन्धका साथसाथै गाउ, समाज, भाषा, क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धलाई समेत जोडेको हुन्छ । बैबाहिक जीवन सुखद रहेमा घरपरिवारदेखि शुभचिन्तक सबै खुशी र सुखी हुन्छन् तर कसैको सम्बन्ध कुनै कारणले असफल भएमा घरपरिवार, आफन्तदेखि समाजमा समेत यसको प्रतिकूल असर पर्दछ । बैबाहिक जीवन असफल भएका कारण हत्या, आत्महत्या, यातना जस्ता क्रुर र अमानवीय घटनाहरु पनि घटने गरेको पाइन्छ ।

विवाहसँगै जोडिएको विवाह बालविवाह हो । शारीरिक तथा मानसिक रुपमा अपरिपक्वताको अवस्थामा गरिने विवाहलाई बालविवाह भनिन्छ । कानुनले तोकेकोभन्दा कम उमेरमा गरिने वा गराईने विवाह बालविवाह हो । विवाह गर्ने वा नगर्ने भन्ने अधिकार व्यक्तिमा निहित भएपनि कुन उमेरमा विवाह गर्ने भनेर प्रत्येक मुलुकले न्युनतम उमेर तोकेको हुन्छ । नेपालको मुलुकी ऐनमा विवाहका लागि २० वर्ष उमेर तोकिएको छ । २० वर्षभन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनेको छ । नेपालको कानुनमा बालविवाह प्रतिबन्धित गरिएको छ ।

बालविवाहको कारण वैवाहिक जीवन दीगो नहुने, परिपक्व नभई सन्तान जन्माउदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरु देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, वेचविखन जस्ता थप हिंसाहरुले बालिका र महिलाहरु थप प्रताडित हुन पुग्दछन् । कालान्तरमा समाज विकास प्रक्रियामा महिलाहरुको भूमिका र सहभागितालाई न्यून बनाई सभ्य, सुसंस्कृत एवं समतामूलक समाज निर्माण गर्न बालविवाह बाधक तत्व बन्न पुग्दछ ।

तैपनि बालिकाका अधिकार अझैसम्म पनि समुचित तवरले सुरक्षित हुन सकेका छैनन् भने विद्यमान कानुनहरुको कार्यान्वयनकै ठूलो अभाव छ । घरमा दुर्व्यवहार हुदा, अभिभावकलाई चेतना नहुदा, मनोविमर्श नहुदा बालविवाह बढिरहेको छ । विभिन्न संस्कार र परम्पराका नाममा बालविवाहलाई मलजल गर्ने काम भइरहेको र विशेषगरी सामाजिक मूल्य मान्यता, पारिवारिक दबाव, प्रजनन स्वास्थ्य शिक्षाको अभाव, कानुन कार्यान्वयनमा कमी जस्ता कारणले बालविवाह भइरहेको पाइन्छ । तराईका जिल्लामा दलित समुदायमध्येपनि सीमान्तकृत, अल्पसंख्यक डोम समुदायमा विशेषगरी छोराछोरी जन्मने बित्तिकै विवाहको टुंगो लगाउने चलन कायम रहनु र मगनी भइसकेको छोरीले उमेर पुगेपछि अन्यत्रै विवाह गर्ला कि भन्ने डरले सानैमा विवाह गरिदिने चलन छ । तसर्थ यसतर्फ सोचौं र बालविवाह मुक्त समाज निर्माण गरौं ।

# धर्म, संस्कृति र जीवनको बहस

**अरुणा उप्रेती**

नो वर्त प्लिज गीतको बोललाई लिएर मैले हिन्दु 'जागरण नेपाललाई सम्बोधन गरेर एक पत्र लेखें। त्यो छापिएपछि कतिले लेखे 'अरु धर्ममा वर्त बस्न हुँदैन भनेको भए तपाईंलाई के गर्थे होलान् ? अरु धर्मलाई आलोचना गरेर हेर्नुस् त। धेरैले मेरो त्यो लेख पढेपछि धेरै विचार दिए। कसैले ठीक भने, कसैले ठीक होइन भने।

'अरु धर्मलाई भनेर त हेर भन्ने पद्दा चाहिँ मलाई लाग्यो, कुनै मानिसको खुट्टा भाँचिएर शल्यक्रिया गर्नुपरेको छ, तर 'मेरो शल्यक्रिया होइन, मेरो छिमेकीको शल्यक्रिया गरिदेऊ, मलाई त दुखछ' भने जस्तै भयो। शल्यक्रिया गरेपछि बिरामी ठीक भएर हिँड्न सक्छ। उसको जीवन व्यवस्थित हुन्छ। उसले काम गर्न सक्छ। र, पहिलेजस्तै गरी पैसा कमाउन सक्छ भन्ने थाहा नभएर हो कि अबुझ बिरामीले त्यस्तो भनेको ?

म हिन्दु हुँ,, मलाई मेरो समाजमा धार्मिक आस्था राख्नेहको जिन्दगी सुचारु होस, मैले पनि गर्वपूर्वक मेरो धर्म प्रगतिशील छ, भन्न पाउँ, हिन्दु देवी देवताका मन्दिरहरू फोहोर नहुन्। आशाराम बाबुजस्ता पाखण्डीले किशोरीलाई बलात्कार गर्दा त्यस्ता पाखण्डीहरू जेलमा हाल्न सक्ने साहस हामीसँग आओस् भन्ने मान्यता छ। त्यसैले नै कसैले 'लोग्नेको खुट्टाको पानी खान्न भन्ने साहस' हिन्दु नारीसँग आएको विश्वास गर्छु। हिन्दु धर्मको सहनशील भएकाले नै मैले गर्वपूर्वक भन्ने गर्छु 'म हिन्दु हुँ। तर अन्य धर्मलाई पनि म आदर गर्छु। तर, मेरो धर्ममा भएको गलत कर्मकाण्ड, र पाखण्डको विरोध गर्ने अधिकारचाहिँ मलाई छ। अरु धर्मका बारेमा आलोचना गर्ने अधिकार मलाई कसरी हुन्छ ? मलाई उनीहरूको धर्मको ज्ञान छैन, कसरी बोल्न सक्छु र थाहा नपाएको विषयमा ? तर, हिन्दु धर्ममा त दैनिक बाँच्छु।

आफ्नो–आफ्नो घर फोहोर हुँदा हामी आफैंले सफा गर्ने हो। छिमेकीको घर फोहोर छ, म त्यो सफा गर्छु भनेर छिमेकीलाई हपार्ने अधिकार मलाई हुन्छ र ?

मेरो यो विचारलाई नसहेर एक व्यक्तिले लेखे–

'हाम्रो धर्ममा भएको कुप्रथाको बारेमा तपाईंको आक्रोश देखियो, जुन आफैंमा तपाईंको अल्पज्ञानको उदाहरण हो। आफूले अनुसन्धान नै नगरेको विषयमा हावा कुरा लेख्न पढेलेखेकी हुँ भनी गर्व गर्ने तपाईं जस्ता महिलालाई सुहाउँदैन। हिन्दु धर्ममा जात र लिङ्कका आधारमा विभेद गरियो भन्ने आक्रोस तपाईंको लेख तथा टिप्पणीमा देखियो। यो हाम्रो सनातन धर्मको मुख्य निर्देशक 'वेद अनुरुप होइन, यो त तपाईंजस्ता केही पाखण्डीहरुले चलाएको संस्कार हो।

मैले त कुनै पनि जात सानो ठूलो हुँदैन नै भन्छु। तर, त्यसै प्रतिक्रियामा उनले यस्तो पनि लेखे, 'हाम्रो शास्त्रमा त नारीलाई पूजा गरेमा देवता खुशी हुन्छन् भनिएको छ। अनि सबै मानिस जन्मँदा शुद्र हुन्छन् र आफ्नो कर्मद्वारा जात प्राप्त गर्दछन् भनिएको छ। ब्रह्म अर्थात् ईश्वरलाई देख्ने व्यक्ति मात्र ब्राह्मण हो भनेर शास्त्रले भनेको छ। भलै तपाईंका बुबाले आफूलाई ब्राह्मण भनेर मिथ्या भाषण गर्नुभयो। तपाईंको पिताजीले आफूलाई ब्राह्मण भनेर मिथ्या भाषण गर्नुको प्रमाण के हो भने यदि उहाँले ब्रह्म दर्शन गर्नुभएको भए तपाईंजस्ती पाखण्डीको जन्म हुने थिएन।

हाम्रो धर्ममा महिलालाई पूजा गर्ने त भनिएको छ महोदय, तर आमाबुबाको मृत्यु हुँदा 'अग्नि दिने अधिकार दिएको छैन नि महोदय भनेर उनलाई कसले भनिदिने ? मेरा मृत पितासम्म जाईलाग्ने व्यक्ति कसरी सच्चा हिन्दु होलान् त ?

पहिले हिन्दु धर्ममा सतीप्रथाको चलन थियो। भारतमा राममोहन रायजस्ता व्यक्तिहरूले सतीप्रथा विरुद्ध सामाजिक क्रान्ति गरे र अंग्रेजहरूले त्यो 'कुरीति हटाउन कानुन ल्याए। नेपालमा पनि सतीप्रथा भंग भयो। यदि त्यो प्रथा अन्त्य नभएको भए शायद मेरा कति हजुरआमा, बुढीहजुरआमा पनि बाँचेका हुँदैन थिए। शायद उनीहरू मरेका भए म पनि हुँदैन थिएँ कि ? हिन्दुहरूले नै अमानवीय सतीप्रथाको विरुद्धमा नबोलेको भए त्यो प्रथा अहिलेसम्म रहिरहन्थ्यो होला नि त। के त्योबेलामा कतिले 'सती' प्रथा ठीक हो भनेनन् होला त ? समयअनुसार परिवर्तन हुन सक्ने संस्कृतिले नै मानिसको जिन्दगीमा सुधार ल्याउँछ।

पाँच हजार वर्षअघिका पूर्खाहरूले मोबाइल, मोटर, प्लेन, इमेल प्रयोग गर्दैन थिए। विज्ञानले अहिले हामी सबैको त्यसमा पहुँच छ। हामी त सनातनी मोबाइल प्रयोग गर्दैनौं भनेर कसैले भन्छन् त ?

भजन सुन्न रुचाउने, र भजनमा नाच्ने गाउने तर अरुको आवाजमा विरोधको स्वर सुन्न नचाहनेले लेखे गीत संगीत भनेको राष्ट्र गहनाका रुपमा रहेको हुन्छ, ती गीतहरुले राष्ट्रको प्रतिनिधित्वसमेत गरेका हुन्छन्, जुन संस्कृतिसँग राष्ट्रको सामीप्य गाँसिएको छ। त्यसका विरुद्ध गाइने जुनसुकै गीत या सिर्जनाहरु कदापि स्वीकार्य हुँदैन र हुन्न पनि। मेरो लेखमाथिको एउटा प्रतिक्रियामा भनिएको छ–

'अरुणाजीले अझै थप्दै भन्नुभएछ। तिज व्रत नबस्दैमा धर्म मासिन्छ र भनेर। कठै महान लेखिकाज्युको कति साँघुरो चिन्तन धर्म त अविनासी छ, कहाँ



मासिन्छ ? परम्परा मासिन्छ, संस्कृति मासिन्छ दशैंमा टीका नलगाए, तीजमा व्रत नबसे, तीहारमा देउसी नखेले ती पर्वको महत्व के ? समाजका केही कथित अगुवाहरुले समेत छाडापनलाई प्रश्रय दिंदा मासिने हो परम्परा। अनि के नेपालमा हिन्दु धर्म मात्रै छ ? मुस्लिम, क्रिश्चियन आदि छैनन् अरुणा जी ? मुस्लिमको एक महिने रोजामा थुक निल्न समेत डराउनेहरुलाई गएर भन्न सकिन्छ 'नो रोजा प्लिज ? कदापि सक्नुहुन्न। किनकि हिन्दुत्वको पर्याय नै सहनशीलता हो। त्यसैले त त्यही सहनशीलतालाई भर्याङ बनाउँदै तपाईं जस्ता केही महान लेखिकाहरु, वा सोफियाजस्ता केही ब्यापारी कलाकारहरु बारम्बार हिन्दुत्वलाई नै प्रहार गर्नुहुन्छ। गीत गाएँ भन्दैमा धर्म र संस्कृति माथिको प्रहार कसैलाई सह्य हुँदैन।

एकातिर हिन्दु धर्मको सहनशीलताको बखान गर्नेले 'नो व्रत, प्लिज शब्दमा किन शहनशीलता अपनाउन नसकेका होलान्। 'सनातन कुरा गर्नेले फेरि नयाँ विज्ञानको कुरा त आत्मसात गरेकै छन्। 'हामी पुरातन धर्म मान्ने, सनातनी ज्ञानको आदर गर्ने' भनेर कुनै पनि धार्मिक गुरुले 'म त मोबाइल चलाउँदिन' भन्दैनन्। फिल्म हेर्ने, यु–ट्युबमा आ ना कुरा राख्न पनि सबै धार्मिक गुरु पण्डित खप्पिस हुन्छन्।

पशुपतिनाथको पूजासमेत इन्टरनेटबाट गर्न सकिन्छ। अर्थात आफूलाई मन पर्ने, सहज हुने कुराचाहिँ 'धर्मले लपक्क लिने, तर आफूलाई चित्त नबुझे कि 'तेरो बा ब्राम्हण भए, तेरो जन्म हुँदैन थियो भनेर शब्दवाण हान्ने कस्तो रमाइलो धार्मिक गुरुलाई। लेख पढेपछि आएका प्रतिक्रियाहरू अचम्मका छन्। त्यो पढेपछि मलाई लेख मन पर्यो भनेर टिप्पणीमा मैले केही जवाफ दिइनँ। तर, जसले आलोचना गरेर लेखे प्रत्येकलाई मैले धन्यवाद दिएँ। विभिन्न व्यक्तिहरूले लेखेका लाइनहरूमध्ये मैले जस्ताको त्यस्तै उतारेकी हुँ।

नेपाली भाषाको ह्रस्व–दीर्घ नमिले पनि वहाँहरुको कुराचाहिँ बुझिन्छ। 'हिन्दु धर्म महान हो भन्ने कुरा छलफल गर्दा 'यो धर्ममा भएका कुरीतिको आलोचना गर्ने महिला चाहिँ देह व्यापारमा लागेका हुन्छन्, छाडा हुन्छन् वा अरु कसैको पैसा खाएर हिन्दु धर्मको विरुद्ध बोलेर क्रिश्चियन धर्म फैलाउन खोजेका हुन् पनि कतिले लेखे।

यदि मैले हिन्दु धर्ममा भएको खराबीका बारेमा बोल्दा कसैलाई म देह व्यापारमा लागेको छु भन्ने लाग्छ भने मेरो भन्नु केही छैन। मैले केही ब्यक्तिहरूले लेखेको इमेलजस्ताको त्यस्तै उद्धृत गरेकी हुँ। वहाँहरूको भनाइ पद्दा मलाई लाग्यो, हिन्दु धर्मको धारण गर्न योग्य मानिस तपाईंहरू बाहेक पृथ्वीमा कमै छन् होला कि ?

हिन्दु धर्मको जग नै कमजोर भएर हो कि नमिलेका कुरा उठाउने वित्तिकै उक्त व्यक्तिलाई 'खत्तम' भन्नैपर्ने ? तर, एउटा कुराका लागि चाहिँ म वहाँहरूलाई धन्यवाद दिन्छु– मेरो लेख पढेर यति लामो लेख्न वहाँहरूले जुन समय दिनुभएको छ, त्यसका लागि म आभारी छु। वहाँहरूले वास्ता गरेर, पढेर, लेखेर मेरो लेखको महत्व बढाइदिनुभएको छ।

**केही धार्मिक व्यक्तिले लेखे –**

'डा. लेखिकाका श्रीमानले व्रत बस्नैपर्छ, मेरो खुट्टाको पानी खानैपर्छ भनेका छन् ? छैनन् भने अरुले पनि भनेका छैनन्। महिला आफैं आस्था राख्छन् र गर्छन् भने पुरुषले हस्तक्षेप नगरेको मात्र हो। यसैलाई तिललाई पहाड बनाएर आफैंले आफैंलाई विद्वान सावित गर्न नखोजौं। विश्वमा सर्वाङ्ग नाँगै हिँड्न पाउनुपर्छ भन्ने महिला पनि छन् र पैतालादेखि टुप्पीसम्म बुर्काले छोपिने महिला पनि छन्। हामी हिन्दु यति वैज्ञानिक र व्यवहारिक छौं कि यस्ता दुवै अतिवाद मान्दैनौं। तर, परम्परादेखि चलेको रीतिरिवाज मान्छौं। श्रीमान–श्रीमतीको यौन अंग चुस्ने जमातले धोईपखाली एउटा औंलाको पानी खाएजस्तो जाग्दा आकाश खस्दैन। चेतना भया।

यस्ता शब्द लेख्नेहरूको घरमा 'यौन अंग' चुस्ने जमात छ होला भन्ने कुरा भनिदिनु भएकोमा धन्यवाद त दिनैपर्छ। कसैले व्यक्तिगत कोठामा के–के हुन्छ, त्यो मैले देख्ने कुरा भएन। केही विद्धानहरूले देख्नुभएको रहेछ। त्यस्तो चेतना हामीलाई छैन।

जहाँसम्म औंलाको पानी खाँदा आकाश खस्दैन भन्ने लाग्छ, श्रीमानले पनि श्रीमतीको औंलाको पानी खाएर तीजको व्रत बसे हुने थियो।

# ओली सरकारको निर्णय आसेपासे पुँजीवादको निकृष्ट नमूना : डा. भट्टराई

काठमाडौं। पूर्वप्रधानमन्त्री एवं लगानी बोर्डका परिकल्पनाकार डा. बाबुराम भट्टराईले ओली सरकार समाजवादको बाटो छाडेर आसेपासे पुँजीवाद विकृत बाटोतिर लागेको बताएका छन्। आफूले सिंगापुरको अभ्यासलाई हेरेर लगानी बोर्डको परिकल्पना गरेको तर, बोर्ड आफूले सोचेजस्तो नबनेको डा. भट्टराईको प्रतिक्रिया छ।

ऐनले नै बोर्डलाई कमजोर बनाएको अवस्थामा पछिल्लो समयमा कमिसनखोरहरुको हालीमुहाली हुन थालेको उनको गुनासो छ। बिचौलियाको भूमिकामा रहेका सुशील भट्टलाई सरकारले सोमबार लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत (सीईओ) बनाएको सन्दर्भमा प्रतिक्रिया माग्दा पूर्वप्रधानमन्त्री डा. भट्टराईले भने, 'आसेपासे पुँजीवादका अगुवालाई लगानी बोर्डमा राख्ने काम भयो। यो लगानी बोर्डसम्बन्धी अवधारणाको विकृतीकरण र भ्रष्टीकरणको चरम नमूना हो।' प्रस्तुत छ पूर्वप्रधानमन्त्री डा. भट्टराईसँगको संक्षिप्त कुराकानी –

**नेपालमा लगानी बोर्डको अवधारणा डा. बाबुराम भट्टराईले अर्थमन्त्री भएका बेलामा ल्याएको भनिन्छ, कुन उद्देश्यले यो बोर्डको गठन भएको हो ?**

संविधानसभाको निर्वाचनपछि जब पहिलोचोटि माओवादीको नेतृत्वमा सरकार बन्यो, म अर्थमन्त्री बनें र बजेट प्रस्तुत गरें। त्यतिबेला धेरै मान्छेको बुझाइ के थियो भने माओवादी कम्युनिस्ट आइसकेपछि अहिले नै समाजवादी कार्यक्रम ल्याउँछन् भन्ने धेरैलाई भ्रम थियो।

जबकि, हामी त्यतिबेला नयाँ जनवादी कार्यक्रम अथवा नेपालको सन्दर्भमा एक्काइशौं शताब्दीको जनवाद भन्थ्यौं। त्यो भनेको नेपालमा औद्योगिक पुँजीवादको विकास गर्दै समाजवादको आधार तयार पार्ने चरण हो।

नेपालजस्तो प्राक पुँजीवादी चरणबाट पुँजीवादी चरण हुँदै समाजवादतर्फको यात्राका निम्ति हामीले पराश्रति र दलालखालको, आसेपासे खालको पुँजीवाद होइन कि स्वाधीन र राष्ट्रिय चरित्रको पुँजीवादको विकास गर्नुपर्ने हुन्छ। तर, यसका निम्ति हामीसँग पुँजी र प्रविधिको कमी छ। यसका निम्ति देशभित्र र मुख्यरुपमा बाहिरबाट पुँजीको परिचालन गर्न र लगानी भित्र्याउन एउटा छुट्टैखालको संरचना चाहिन्छ। यसका लागि अहिलेका मन्त्रालय र विभागहरुबाट पुग्दैन भनेर मैले विभिन्न देशहरुको अध्ययन गरें।

सिंगापुरका लि क्वानले आ नो 'थर्ड वर्ल्ड टु फस्ट वर्ल्ड' भन्ने किताबमा एउटा 'इकोनोमिक बोर्डको अवधारणा' अगाडि सारेका रहेछन्। मुख्यरुपमा सिंगापुरको मोडेलमा आधारित भएर र मलेसिया, कोरियाको पनि अध्ययनबाट प्रेरणा लिएर मैले एउटा अधिकारसम्पन्न लगानी बोर्ड निर्माण गर्नुपर्‍यो भन्ने ठानें।

यस्तो बोर्ड पूरै प्रधानमन्त्रीको मातहतमा हुन्छ र त्यसको नेतृत्व उपप्रधानमन्त्री स्तरको मान्छेले गर्नुपर्छ। यो मन्त्रालय वा विभागहरुभन्दा माथि हुन्छ र यसले एउटै द्वारबाट निर्णय गर्न सक्छ र कार्यान्वयन पनि गर्न सक्छ भनेर यसको परिकल्पना गरेको हो। मैले २०६५र०६६ को बजेटमार्फत पहिलोपटक यो अवधारणा ल्याएको हुँ।

**अहिलेको लगानी बोर्ड तपाईंको सोचअनुसार नै अगाडि बढेको छ जस्तो लाग्छ ?**

बिल्कुल भएन। मैले अवधारणा ल्याएँ। कानून नै बन्न नपाइकन ९ महिनामा सरकार गइहाल्यो। पछिल्लो चरणमा माधव नेपाल र झलनाथ खनालका पालामा ऐन बन्यो। तर, त्यो ऐन यस्तो कमजोरखालको बनेछ कि त्यो मेरो अवधारणाको विपरीत थियो।

मेरो विचार के थियो भने लगानी बोर्ड सबै मन्त्रालयभन्दा माथि हुनुपर्छ र अधिकारसम्पन्न हुनुपर्छ। सरकारको एउटा विभाग वा निकायका रुपमा मात्र नभएर अधिकारसम्पन्न हुनुपर्छ भन्ने मेरो जुन अवधारणा थियो, ऐन त्यस्तो ढंगले आएन।

जब म ०६८र०६९ मा प्रधानमन्त्री भएँ, त्यतिबेला नयाँ ऐन बनाउन सक्ने स्थिति थिएन, शान्ति प्रक्रियाको उत्कर्षको बेला थियो। त्यसबेला



मैले नै पुरानै ऐनअन्तरगत लगानी बोर्डको गठन गरें। त्यही कानून अन्तरगत नै गठन गरिए पनि मैले कुनै हस्तक्षेप नगरी खुल्लारुपमा प्रतिस्पर्धाबाट गठन गर्दा राधेश पन्तजी चयन हुनुभो। त्यसपछि बोर्डले केही राम्रा कामहरु सुरु गरेको थियो। तर, पनि त्यसको ऐन सुधार्नुपर्छ भन्ने मेरो बुझाइ थियो।

तर, त्यसपछिका जुन सरकारहरु बने, तिनीहरुले लगानी बोर्डको मर्म बुझेनन् र यसलाई मन्त्रालयको एउटा अर्को विभागका रुपमा मात्रै लिने र त्यसबाट लगानीकर्ताहरुलाई सहज बनाउने भन्दा पनि कमिसन असुल्ने साधन बनाए।

एकद्वारबाट लगानी भित्र्याउन सहज बनाइदिने र कुनै पनि प्रकारका गैरकानूनी हरकत र असुलीहरु नगर्ने प्रवाधानका विपरीत कमिसनको खेल भयो। पार्टीका नेताहरुले कमिसनखोरीमा लागेका आ नो पार्टी नजिकका मान्छेहरुको नियुक्ति गर्न थालेपछि यसले बाटो बिरायो। र, त्यसैको चरम उत्कर्षचाहिँ अहिले भयो।

**अहिले सरकारले विचौलियाको भूमिकामा रहेका सुशील भट्टलाई लगानी बोर्डको सीईओ बनाएको छ, यसमा तपाईंको भनाइ के छ ? यो राज्यमा दलाल पुँजीवाद र विचौलियाहरुको प्रभाव बढ्दै गएको उदाहरण हो ?**

उदाहरण मात्र होइन, यो त चरम उत्कर्ष हो। नेपालको अर्थतन्त्रलाई अहिले हामीले राष्ट्रिय औद्योगिक क्रान्तिको दिशातिर लैजाने भन्ने सोचेका थियौं। समाजवादोन्मुख अर्थतन्त्र भनेर संविधानमा जुन परिकल्पना गरिएको हो, त्यसका विपरीत क्रोनिक क्यापिटलिजम (आसेपासे पुँजीवाद) तर्फ सरकार अघि बढेकोछ। सत्ताका मान्छे, आसेपासे, कमिसनखोरहरु र विचौलियाहरुसँग राज्यका अंग, राजनीतिक नेतृत्व र प्रशासनको साँठगाँठमा सञ्चालन हुने अर्थतन्त्र क्रोनिक क्यापिटलिजम हो। अहिले आसेपासे पुँजीवादका अगुवालाई लगानी बोर्डमा राख्ने काम भयो। नागरिक समाज र मिडियाको यत्रो खबरदारीका बावजुद पनि जुन ढंगले अहिले नियुक्ति गरियो, यो लगानी बोर्डसम्बन्धी अवधारणाको विकृतीकरण र भ्रष्टीकरणको चरम नमूना पनि हो।

यति ठूलो जनआवाजका विपरीत ओली सरकारले यसो गर्नु भनेको ओली सरकारको चरम निर्लज्जता, गैरजिम्मेवारपन र आसेपासे पुँजीवादको निकृष्ट नमूना हो भन्ने मलाई लाग्छ।


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**






## कोरोना भाइरस रोग (कोभिड–१९)

- घरहरुको बाहिरबाट हावा छिर्न नसक्ने गरी पराल, छ्वाली, ढोका वा यस्तै प्रकारको सामग्रीहरुको प्रयोगबाट घेरा बेरा गर्ने वा गर्न लगाउने ।
- घर बाहिर खुल्ला स्थानमा धेरै समय नबस्ने वा बस्न नलगाउने ।
- पानी तताएर सुद्धिकरण गरी पिउने र अरुलाई पनि पिउन सुझाव दिऔं ।
- बालबालिका, सुत्केरी तथा गर्भवति महिला, अपाङ्गता भएकाहरु, बृद्ध–बृद्धा तथा विरामीहरुको विषेश ख्याल गरौं ।
- बाँझो जग्गामा बोटविरुवा रोपौं ।
- घर आंगन सफा राखौं र सफा राख्न अरुलाई सल्लाह दिऔं ।
- बालविवाह रोकौं छोरीको भविष्य आजै देखि उज्जवल बनाउन सोचौं ।
- आर्थिक कार्यमा महिला सहभागीता बढाऔं ।

**दलित जनकल्याण युवा क्लब लहान–१४ द्वारा जनहितमा जारी**



## सूचना



बर्सेनि साउन महिनाभर काभ्रे कपलेश्वर बोलबम यात्रामा आउनु हुने भक्तजनहरूलाई यसवर्ष विश्वभर फैलिएको कोरोना महामारी र लकडाउनका कारण मन्दिरमा पुजाआजा र दर्शन कार्य बन्द गरिएकोले भक्तजनहरुलाई नआउनहुन आग्रह गर्दछौं। यसवर्ष मन्दिरमा पुजाआजा र दर्शनमा रोक लगाइएको छ।

**काभ्रे कपलेश्वर मन्दिर व्यवस्थापन समिति**
**लहान नगरपालिका-१६,सिरहा**



## सूचना

जिल्ला उद्योग वाणिज्य संघ लहान सिरहाको सम्पूर्ण उद्योगी व्यवसायीहरुमा निम्न अनुसार पालना गरी व्यवसाय संचालन गरी दिन हुन अनुरोध छ ।

१ सरकारले तोकेको कार्यालयबाट व्यापार/उद्योगको दर्ता गरी व्यवसाय सुरु गर्नु पर्नेछ ।
२ आन्तरिक राजश्व कार्यालयबाट अनिवार्य रुपमा PAN प्रमाण–पत्र लिई मात्र व्यवसाय सुरु गर्नु पर्नेछ ।
३ कर पाटी र PAN दर्ता प्रमाण–पत्र सबैले देख्ने स्थानमा अनिवार्य रुपमा टाँस्नु पर्नेछ ।
४ समान खरिद र बिक्री गर्दा अनिवार्य रुपमा बिल, बिजक जारी गर्नु पर्नेछ ।
५ स्थानीय सरकार र उद्योग वाणिज्य संघमा व्यवसाय दर्ता गराई प्रत्येक वर्ष नविकरण गर्नु पर्नेछ ।
६ अन्तशुल्क लाग्ने वस्तु बिक्री वितरण गर्न अन्तशुल्क इजाजत प्रमाण–पत्र लिई अन्तशुल्कको स्टीकर भएको समान (जस्तो सुर्तिजन्य वस्तु आदि) मात्र बेच्नु पर्नेछ ।
७ PAN/VAT मा दर्ता हुने व्यवसायीले खरिद बिक्री खाता र स्टोक मिलाएर राख्नु पर्नेछ ।
८ उपरोक्त नियम पालना गरी व्यवसाय संचालन गर्नु भएमा जरिवानाबाट छुटकारा पाउनु हुनेछ, अन्यथा जरिवाना लाग्नेछ ।

**जिल्ला उद्योग वाणिज्य संघ**
जिल्ला कार्य समिति सिरहा, लहान
(सदस्य : नेपाल उद्योग वाणिज्य महासंघ)

# लहान नगरीको वर्तमान शैक्षिक अवस्था

स्तम्भ : पालिका बहस

उद्धव हमाल



पुर्व पश्चिम राजमार्गमा अवस्थित लहान २०३२ सालमा नगरपालिकामा परिणत भएपछि व्यापार व्यवसाय, शिक्षा क्षेत्रमा अगाडि बढेको हो। फस्टाउदो लहान बजारलाई सगरमाथाकैं व्यापारिक केन्द्र मानिन्थ्यो। बजारको विकास लहानको औधोगिक, सामाजिक र शैक्षिक विकास हुन थालेको हो। व्यापारिक क्षेत्रमा समेत लहानलाई अग्रणी मानिन्छ। शिक्षातर्फ प्राविधिक शिक्षालय, नर्सिंग शिक्षा लगायत स्वास्थ्य क्षेत्रमा निजी लगानीमा नर्सिंग होमहरु समेत लहानमा पर्याप्त खुलेका छन्। बैंकिंग, होटल क्षेत्र बढ्दो छ। सिरहा जिल्लाको अधिकांश सरकारी कार्यालय समेत लहान नगरपालिका क्षेत्रमा राखिएकाले नगरपालिकाको जनसांख्यिक अवस्थाको अध्ययन गर्दा बसाईसराईको अवस्था तीव्र छ। यसबाट भन्न सकिन्छ लहान तिब्रतर रुपमा अगाडि बढेको छ।

लहानको शैक्षिक अवस्थाको कुरा गर्नुपर्दा नगरपालिकाभर ५९ सामुदायिक विद्यालय र ७२ संस्थागत विद्यालयहरु छन्। यतिखेर विश्वभर फैलिएको कोभिड-१९ को संक्रमणले गर्दा शिक्षा क्षेत्र पनि प्रभावित छ। पठनपाठन ठप्प प्राय : छ। यसबीच कुनै तालिम, गोष्ठी, अन्तरक्रिया र छलफल भएनन्। धनगढीमाई नगरपालिका लगायत अरु कतैकतै भौतिक दूरी कायम गरी तालिम कार्यक्रमहरु भए। लहान नपामा शिक्षकहरुले बसेर तलब खाने काममात्रै भयो, कुनै रचनात्मक कार्य भएनन्। नगरपालिकाको कोभिड-१९ राहत कोषमा शिक्षकहरुले १ दिनको तलब दिए। एन प्याब्सन अन्तर्गतका बोर्डिङ स्कुलहरुले पनि लाखौं रकम राहत कोषमा दिए।

विडम्बना, हाम्रो देशमा चुनाव, राजनीतिक दलको सभा, बैठक, छलफल, पन्चायती, भूकम्प पीडित, बाढी पीडित, कोरोना क्वारेन्टिन राख्ने थलो सामुदायिक विद्यालय भएको छ। अहिलेसम्म पनि मावि पडरिया र पशुपति माविमा क्वारेन्टिन विद्यमान छ। मन्त्रिपरिषदको निर्णयले साउन १५ देखि विद्यालयमा क्वारेन्टाइन नराख्ने, राखेको भए स्थानीय तहले निर्मलीकरण गर्ने र शिक्षा मन्त्रालयले विद्यालय संचालन कार्यविधि बनाइ भदौं १ गतेदेखि विद्यालय संचालन गर्ने ६ बुदे निर्देशन जारी गरेको छ।

शैक्षिक सत्र २०७६ को नतिजा प्रकाशन बाँकी रहेको भए नतिजा प्रकाशन गर्ने, विद्यालय र विद्यालय परिसरभित्र तथा विद्यार्थी आवागतमनमा प्रतिकूल असर नपर्नेगरी या विद्यालय क्षेत्रको निकट हुनेगरी कोभिड-१९ रोकथाम र नियन्त्रण सम्बन्धि संरचना नराख्ने लगायत ६ बुदाहरु छन्।

वर्तमान तीनै तहको सरकार अन्तर्गत स्थानीय सरकारले आफ्नो कानुन आफै बनाउन पाउनुले जनताले घर घरमा सिंहदरबार पाएका छन्। यो अधिकार प्रयोग अर्थात कानुन निर्माण गर्दा संघीय ऐनसँग बाझिनु हुदैन। सरोकारवालाहरु बीच व्यापक छलफल गरेर ल्याउँदा राम्रो कार्यान्वयनमा सजिलो हुनेछ। हइन भने गूठी विधेयक झैं तुहिने खतरा हुनेछ। यत्तिखेर लहान नगरपालिकाले पनि आफ्नो छैठौं नगरसभाबाट१) भूमि व्यवस्थापन सम्बन्धि ऐन, २०७७, २) विद्यापति भानुभक्त वाचनालय ऐन, २०७७, लगायत लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ चौथो संशोधन लगायत ६ वटा कानुन पारित गरेको छ। संभवत यही कानुनमा टेकेर हो कि प्रथमिक तहका सबै शिक्षकहरुको सरुवा एकबाट अर्को विद्यालयमा गरेको छ।

७५३ स्थानीय तहले समेत यसरी एकैपटक सबैको सरुवा कहिँकतै गरेको छैन। सरुवामा धेरै महिला शिक्षकहरुलाई अपायक भएको छ, काखापाखा भएको छ, कसैलाई रोजी रोजी, कसैलाई छानीछानी सरुवा गरिएको व्यापक गुनासाहरु छन्, जनु सच्याइनु पर्दछ। फेरि सरुवा मात्रै सामुदायिक विद्यालयको गुणस्तर सुधारको मापन हुन सक्दैन। शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ को नवौं संशोधन कायम रहेको र संघीय शिक्षा ऐन नबनिसकेको अवस्थामा संविधानले स्थानीय तहलाई दिएको २३ बुदे अधिकारमा शिक्षक सरुवा, बढुवाको अधिकार दिएको छैन। बरु दरबन्दी मिलानको अधिकार छ। २०७६ पुस १४ मा दरबन्दी मिलान गरेर विद्यालयलाई पत्र दिएपनि लहान नगरपालिकाले यसको कार्यान्वयन गरेको छैन। नगर प्रहरी मार्फत शिक्षकहरुलाई घर घरमा सरुवा पत्र थमाएका छन्। यसर्थ ऐन र नियम बिपरित सरुवा रोक्का गर्नुपर्ने माग पेशागत संघ र संगठनहरुले गरेका छन्, ज्ञापन पत्र दिएका छन्। नगर शिक्षा समितिलाई समय मैं चेतना भया। धन्यवाद।

**(लेखक हमाल नेपाल शिक्षक संघको केन्द्रिय प्रतिनिधि हुन्।)**

# रियाशाको खुशी

मोडल रियाशा दाहालले अभिनय गरेको पहिलो म्यूजिक भिडियो आउँछु म फर्केर हो। यो भिडियोमा काम गरेकी रियाशा अहिले म्यूजिक भिडियोमा व्यस्त छिन्। लकडाउन लुजडाउनमा परिणत भएपछि रियाशाले ए है माया बोलको गीतमा अभिनय गरिन्। यो गीत युट्बमा हिट भएपछि रियाशाको माग म्यूजिक भिडियोमा बढ्यो। अहिले, उनी लोक, आधुनिक गीतका भिडियोमा व्यस्त छिन्।

रियाशा भन्छिन् मलाई धेरै मानिसहरुले अहिले रियाशाको जिन्दगी त परिवर्तन भयो भन्दा रहेछन्। तर, मलाई त्यस्तो लाग्दैन। म्यूजिक भिडियोपछि चलचित्रमा अभिनय गर्ने सोचमा छिन् रियाशा। उनी भन्छिन् अहिले त चलचित्र नै नबनेकाले पनि अफर आएको छैन। तर, चलचित्रको अफर आयो भनेर सबै कुरा बुझेर काम गर्छु।

सानैबाट मोडलिङमा रुची भएपनि रियाशाले काम गर्न पाएकी थिइनन्। सुरुमा त परिवारले पनि उनलाई यो क्षेत्रमा आउन दिएनन्। तर, पछि उनी कलेज नेपालसँग आवद्ध भइन् र चर्चामा आइन्। हिमालय रोडिज सुरु भएपछि यसैलाई आधारित मानेर उनको समुहले प्यारोडी हिमालय रोडिज सुरु गर्यो। जसमा उनले छ्या मास्के नामक पात्रको भूमिका निभाइन्। यो भूमिकालाई दर्शकले अत्याधिक रुचाएका थिए।



भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।
-: जनहितका लागि :-
लहानपोस्ट् LAHANPOST DAILY

# नयाँ खेलकुद ऐनबाट कस्तो काम होला ?

काठमाडौं। राष्ट्रिय खेलकुद ऐन २०७७ कार्यान्वयनमा आएपछि खेलकुद क्षेत्रमा यसको समीक्षा पनि भइरहेको छ। ऐन भर्खरै कार्यान्वयनमा आए पनि यसका केही विषय चर्चा र विवादमा आएका छन्।

ऐन लागू भएपछि पदमुक्त भएका र पछि पुन: नियुक्ति पाएका राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव रमेश सिलवालले पदभार ग्रहण गरेकै दिन ऐनलाई सुधार गर्दै अघि बढ्नुपर्ने बताएका थिए।

नयाँ खेलकुद ऐनले सदस्य सचिवको एकल अधिकारमा कटौती गरेको छ। नयाँ ऐनपछि अब राखेपको अधिकार युवा तथा खेलकुद मन्त्रालयमै सरेको कतिपयको बुझाइ छ।

**राखेपको अधिकार कटौती**

नयाँ ऐनअनुसार परिषदका सदस्य सचिवको संयोजकत्वमा गठन हुने कार्यकारी समितिमा मन्त्रालयको खेलकुद महाशाखाका प्रमुख, परिषदका सदस्यहरु मध्येबाट अध्यक्ष (खेलकुदमन्त्री) ले मनोनीत गरेका दुई जना सदस्य रहन्छन्।

यो समितिले राखेपको कार्यकारी अधिकार प्रयोग गर्नेछ। अहिले यही विषयलाई लिएर खेलकुद क्षेत्रमा चर्चा भइरहेको छ। खेलकुद मन्त्रालय र नेपाल ओलम्पिक कमिटीबाहेक धेरैले यो ऐनको आलोचना गर्न थालेका छन्।

एथ्लेटिक्स प्रशिक्षक सुशील नरसिंह राणा भने खेलकुद ऐन भर्खर कार्यान्वयन भएकाले ५/६ महिनापछि मात्र यसको नतिजा देखिने बताए। 'ऐन लागु भएर कार्यसमितिले काम गर्न थाल्छ अनि त्यसको कमजोरीहरु देखिन थाल्ने हो' उनले भने 'कतिपय कुराहरु हिजोको भन्दा राम्रो हुन पनि सक्छ।'

राणाले राष्ट्रिय खेलकुद परिषदमा कस्तो टिम बन्छ र कसरी काम अघि बढ्छ त्यस आधारमा ऐनको पनि समीक्षा हुने बताउँछन्। ''सदस्य सचिवको शक्ति घट्नु भनेको काममा छिटो छरितो नहुन सक्छ। छरितोपन नआउन सक्छ कतिपय निर्णयमा प्रकियामा लामो हुन सक्छ' राणाले भने, 'केही गरौं भनेर डेडिकेटेड टिम आउँछ भने बाधा नहोला।'

नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष तथा करातेका प्रशिक्षकसमेत रहेका दीपक श्रेष्ठले सुरुमा सोचेजस्तो खेलकुद ऐन नबनेको बताए। 'लामो समयपछि आउँदा राम्रो होला भन्ने थियो तर जसरी सोचेका थियौं अहिले त्यस्तो पाएनौं' श्रेष्ठले भने 'ऐन आउँदा अध्ययन गर्दै जाँदा एउटै माथि उल्लेख भाको कुरा तलकोले काट्ने तलकोलाई माथिकोले काट्ने त्यस्ता कुराहरु छ।'

**राखेपका सदस्य खेल संघमा बस्न नपाउने**

मन्त्रालय र परिषदको भूमिका जस्तै नयाँ ऐनमा अर्को विषय पनि चर्चित छ। परिषदका कर्मचारी कुनै खेल संघको कार्यकारी समितिमा बस्न नपाउने। ऐनको यो व्यवस्थाका कारण धेरै प्रशिक्षक र खेलाडीले खेल संघबाट राजीनामा दिइरहेका छन्।

एथ्लेटिक्स प्रशिक्षक राणाले पनि कर्मचारी खेल संघमा बस्न नपाए पनि प्रशिक्षकहरुको हकमा भने खुकुलो हुनुपर्ने बताए। 'प्रशिक्षकहरुको हकमा भने एउटा सिनियर प्रशिक्षक वा प्रमुख प्रशिक्षक संघमा पदेन सदस्य हुने व्यवस्था राख्नुपर्थ्यो। प्रशिक्षकहरु प्राविधिकहरु संघमा हुनुपर्छ किनभने संघ भनेको नितान्त टेक्निकल ठाउँ हो' उनले भने।

जिन्दगीभर खेलेर त्यही क्षेत्रमा विज्ञता हासिल गरेको व्यक्ति खेलललाई ड्राइभ गर्ने संस्था बिग्रेको देख्यो भने उसलाई पीडा हुने राणा बताउँछन्।

कराते प्रशिक्षक दीपक श्रेष्ठले पनि नयाँ ऐनले खेल क्षेत्रको मान्छे नै विस्थापित हुने हो कि भन्ने चिन्ता लागेको बताए। 'एक व्यक्तिलाई दुई पद दिन सकिदैन भन्ने थियो हामीले यो बुँदा परिमार्जन गर्नुपर्‍यो भनेर विभिन्न ठाउँमा समेत भनेका थियौं। प्राविधिक मानिसलाई राख्नुपर्छ भनेर आश्वासन पाएका थियौं अहिले ऐनमा त्यो कुरा कहिँपनि उल्लेख छैन' उनले भने।

**ओलम्पिक कमिटी मात्र स्वायत्त**

नेपाल ओलम्पिक कमिटीलाई ऐनमा स्वायत्त संस्थाको रुपमा छोडिएको छ। अरु खेल संघले विदेशबाट आर्थिक सहयोग पाउँदा सरकारलाई हिसाब देखाउनुपर्नेछ भने ओलम्पिक कमिटीले देखाउनुपर्ने छैन।

एथ्लेटिक्स प्रशिक्षक राणा भने ओलम्पिक कमिटी मात्र नभएर अरु खेल संघलाई पनि खुल्ला छाडिदिनुपर्ने बताउँछन्। 'सफा तरिकाले भन्ने हो भने ओलम्पिक कमिटी मात्र होइन संघलाई पनि खुल्ला छाडिदिए हुन्छ। सम्हाल्न सकिन्छ भने सम्हाल्ने हो, छाताभित्र राख्न खोज्ने तर सम्हाल्न नसक्ने हो भने छोडिदिँदा राम्रो हुन्छ' राणाले भने।

राखेपको छाताभित्र राख्दा खेल संघको निर्भरता बढ्ने उनको भनाइ छ।

खेलकुद पनि संघीय संरचनामा जाने नयाँ ऐनले परिकल्पना गरेको छ। अब खेलकुदलाई पनि विकेन्द्रिकरणको बाटोमा लगिएको छ। 'कतिपय कुरा केन्द्रबाट नजर नपुगेको पनि हुन सक्छ। प्रदेशले साँच्चिकै विकास गर्ने लक्ष्य लिएर अघि बढेको छ भने पूर्वाधार विकास गर्ला, ग्रासरुट कोचहरु विकास गर्ला, ट्रेनिङहरु पनि होला, प्रदेश प्रदेशबीच प्रतिस्पर्धा हुन थाले राम्रो होला' राणा भन्छन्।

**खेलाडीलाई समेटिएन**

आठौं सागमा करातेबाट स्वर्ण पदक जितेका दिपक श्रेष्ठले राखेपमा जागिर पाएका थिए। अहिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडि संघको अध्यक्ष रहेका श्रेष्ठसँगै दीपक विष्ट, संगीना वैद्यजस्ता खेलाडीले खेलमा राम्रो गर्दा पुरस्कार र जागिर पाएका थिए।

तर नयाँ ऐन कार्यान्वयन हुँदा खेलाडीको बारेमा केही उल्लेख नगरिएको हुँदा १३ औं सागमै पदक जितेका खेलाडीहरुले अब के सोचेर खेल अघि बढाउने भन्ने प्रश्न उठेको श्रेष्ठ बताउँछन्।

'खेलाडीको लागि सम्बोधन कहिँ पनि गरेको देखिएन खेलाडीलाई कसरी जीवनयापन देखि लिएर साधारण कुरा पनि देखिएन। जीवनयापनको कुरा परैको कुरा' श्रेष्ठले भने।

श्रेष्ठले कम्तीमा पदक जितेका खेलाडीलाई जीवनयापनका लागि सहज वातावरण बनाउने कुरा ऐनमै उल्लेख हुनुपर्ने बताए।

'हामीले २१ वर्षअघि स्वर्ण पदक जित्दा पुरस्कार त पायौं नै संघबाट जागिर पनि पायौं। त्यो व्यवस्था थियो पहिला त्यसले गर्दा हामी दुई दशकसम्म टिकिरह्यो। तर यो ऐनले केही व्यवस्था नगरेकोले १३ औं सागका पदक विजेताहरु हामीजस्तो खेलकुदमा टिकिरहने वातावरण छ त ?' उनी प्रश्न गर्छन्।

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्युटर ले-आउट : लहानपोस्ट् दैनिक
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यु यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)